काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २६ ❐ अंक : ४४ ❐ शुक्रवार, २७ कात्तिक २०८३ ❐ Friday, 13 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

अन्ततः सात वर्षपछि साढे चार अर्ब लागतमा बन्दै कर्णाली सिंहदरबार

❐ चाँदनी कठायत

सुर्खेत, २६ कात्तिक

कर्णाली प्रदेशका सबै मन्त्रालय एउटै परिसरमा राख्ने योजनाले सात वर्षपछि बल्ल निर्माणको गति लिएको छ। सुरुमा ५१ करोड रुपैयाँमा निर्माण गर्ने भनिएको एकीकृत प्रशासनिक भवनको लागत अहिले बढेर चार अर्ब ६१ करोड ८९ लाख रुपैयाँ पुगेको छ। जग्गा प्राप्तिदेखि डीपीआर संशोधनसम्मका कारण लामो समय रोकिएको 'कर्णाली सिंहदरबार' निर्माणको काम गत असार २४ गतेदेखि सुरु भएको हो। अबको ३६ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा २०७६ मंसिर २३ गते बसेको मन्त्रिपरिषद् बैठकले एकीकृत प्रशासनिक भवन निर्माण गर्ने निर्णय गरेको थियो। वीरेन्द्रनगर नगरपालिका-७ इत्रामस्थित आन्तरिक मामिला तथा कानुन मन्त्रालयको दक्षिणतर्फ रहेको खाली जग्गामा भवन निर्माण गर्ने योजना बनाइएको थियो। सोही समयमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी निर्माणका लागि ५१ करोड रुपैयाँ लागत अनुमान गरिएको थियो।

तर, जग्गा प्राप्ति र अन्य प्रक्रियागत समस्याका कारण आयोजना अघि बढ्न सकेन। निर्णय भएको लामो समयसम्म कागजी प्रक्रियामै सीमित बनेको आयोजनाले २०८१ जेठमा मात्रै निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको बाटो खुलेपछि कार्यान्वयनको चरणमा प्रवेश गरेको हो।

पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी वीरेन्द्र शाहीका अनुसार २०८१ जेठमा संघीय मन्त्रिपरिषद्ले एकीकृत भवन निर्माणका लागि प्रदेश सरकारलाई जग्गा उपलब्ध गराउने निर्णय गरेको थियो। त्यसपछि मात्रै आयोजना कार्यान्वयनको प्रक्रिया अघि बढेको उनले बताए। 'विगतमा संरचना बनाउने भन्ने कुरा भए पनि जग्गा प्राप्तिको काम ढिलो भयो,' उनले भने, '२०८१ जेठमा मात्रै केन्द्रको मन्त्रिपरिषद्ले प्रदेश सरकारलाई जग्गा उपलब्ध गराउने निर्णय गरेपछि आयोजना अघि बढेको हो।'

जग्गा प्राप्तिमा भएको ढिलाइसँगै आयोजनाको लागत पनि पटक-पटक संशोधन भएको छ। सुरुको डीपीआरमा ५१ करोड रुपैयाँ अनुमान गरिएको लागत दोब्बो पटक दुई अर्ब २६ करोड रुपैयाँ पुगेको थियो। पछिल्लो डीपीआरले भने लागत चार अर्ब ६१ करोड ८९ लाख १५ हजार ८० रुपैयाँ कायम गरेको छ। यसअनुसार प्रारम्भिक अनुमानभन्दा लागत करिब नौ गुणाले बढेको हो।

सूचना अधिकारी शाहीका अनुसार पुनः डिजाइन, निर्माण क्षेत्र र संरचनाको आकारमा परिवर्तन, प्राविधिक जटिलता तथा निर्माण सामग्री र श्रमको मूल्यमा आएको परिवर्तनले लागत बढेको हो। भूमिगत पार्किङ, सुरक्षा प्रणाली र आधुनिक सुविधाहरु थपिनुले पनि लागत बढाएको उनले बताए।



ठेक्का साढे दुई अर्बमा, निर्माण अवधि तीन वर्ष

कूल लागत चार अर्ब ६१ करोडभन्दा बढी अनुमान गरिए पनि भवन निर्माणको ठेक्का भने भ्याटबाहेक दुई अर्ब ५४ करोड रुपैयाँमा सम्झौता भएको छ। नव सिर्जनशील कन्टेक जेभीले निर्माणको जिम्मा पाएको हो। निर्माण कम्पनीले असार २४ गतेदेखि काम थालेको पूर्वाधार विकास निर्देशनालयका इन्जिनियर दिलीप रानाले बताए। 'अहिले भूमिगत संरचनाको काम भइरहेको छ,' रानाले भने, '३६ महिनाभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ।'

आयोजना सुर्खेत उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको १२ हजार ६५८ दशमलव ६० वर्गमिटर क्षेत्रफलको जग्गामा निर्माण भइरहेको छ। वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदनअनुसार भवनको कुल निर्मित क्षेत्रफल ३३ हजार ९५४ दशमलव ८६ वर्गमिटर हुनेछ।

प्रस्तावित संरचनामा पाँचवटा ब्लक रहनेछन्। पूर्व र पश्चिमतर्फ दुई-दुई वटा तथा बीचमा एउटा ब्लक निर्माण गरिनेछ। बीचको साततले ब्लकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनेछ। अन्य ब्लकहरू छेउदेखि सात तलासम्मका हुनेछन्। भवनको उचाइ करिब २९ दशमलव ४ मिटर रहनेछ। संरचना नेपाल राष्ट्रिय भवन संहिताअनुसार भूकम्प प्रतिरोधी बनाइने ईआईए प्रतिवेदनमा उल्लेख छ।

एकै परिसरबाट मन्त्रालयका सेवा

कर्णाली सिंहदरबार निर्माणको मुख्य उद्देश्य प्रदेशका विभिन्न स्थानमा रहेका मन्त्रालय तथा सरकारी निकायलाई एउटै परिसरमा व्यवस्थापन गर्नु हो। यसबाट मन्त्रालयबीचको समन्वय सहज हुने र सेवाग्राहीलाई विभिन्न कार्यालय धाउनुपर्ने बाध्यता घट्ने प्रदेश सरकारको अपेक्षा छ।

भवन दैनिक तीन हजार पाँच सयभन्दा बढी कर्मचारी तथा सेवाग्राहीको आवागमन धान्न सक्ने गरी डिजाइन गरिएको छ। भुइँतलामा एटीएम, सुरक्षा कक्ष, मर्मतसम्भार कक्ष, संग्रहालय, स्वास्थ्य कक्ष, पुस्तकालय र चमेनागृहलगायत सुविधा रहने छन्। पहिलो तलामा मुख्यमन्त्री तथा मन्त्रीहरूका कार्यकक्ष र दोस्रो तलामा प्रमुख सचिव, प्रदेश सचिव तथा कानुनी सल्लाहकारका कार्यकक्ष रहनेछन्।

बाँकी तलाहरु मन्त्रालयअन्तर्गतका महाशाखा र शाखा कार्यालयका लागि छुट्याइएको छ।

मुख्यमन्त्री कार्यालय रहेको ब्लकको सबैभन्दा माथिल्लो तलामा विभिन्न कार्यक्रम सञ्चालन गर्न मिल्ने बहुउद्देश्यीय सभाहल निर्माण गर्ने योजना छ। भवनका भित्री भागमा प्राकृतिक प्रकाश प्रवेश गराउन खाली स्थानलाई पारदर्शी आवरणले छोप्ने व्यवस्था पनि गरिएको छ।

भवनमा भूमिगत पार्किङको व्यवस्था गरिएको छ। ईआईए प्रतिवेदनअनुसार पार्किङमा १२० वटा चारपाङ्ग्रे र २५० वटा दुईपाङ्ग्रे सवारीसाधन अट्ने छन्। भवनमा आगलागी नियन्त्रणका लागि एक लाख ५० हजार लिटर क्षमताको पानी भण्डारण ट्याङ्की, फायर हाइड्रेन्ट र

बाँकी पृष्ठ ४

दशौं राष्ट्रिय खेलकुद :
२३ खेल सुर्खेतमा खेलाउने तय हुँदा अन्य कहाँ के हुँदैछ ?



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ कात्तिक

कर्णाली प्रदेशमा आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुदका कुल ३२ मध्ये २३ खेल मुख्य आयोजक स्थल सुर्खेतमा हुने निश्चित भएको छ। कर्णालीमा भौगोलिक कठिनाइ र पुर्वाधारका कारण पनि यसपटक सुर्खेतमै धेरै खेल खेलाइने भएको हो।

प्राविधिक समितिबाट अनुमोदित तालिकाअनुसार प्रतियोगिताको औपचारिक उद्घाटन आगामी मंसिर १६ गते सुर्खेत रंगशालामा हुनेछ भने समापन मंसिर २७ गते तय गरिएको छ।

तर, औपचारिक उद्घाटनअघि नै मंसिर ८ गतेदेखि पुरुष तथा महिला क्रिकेट, पुरुष फुटबल, पुरुष तथा महिला ह्यान्डबल, महिला बास्केटबल, टेनिस र पौडीसहित ६ वटा खेलको प्रतिस्पर्धा भने सुरू भइसक्नेछ। क्रमशः अन्य खेल पनि खेलाइदै लगिने बताइएको छ।

मुख्य आयोजक जिल्ला सुर्खेतमा प्रतियोगिताका अधिकांश ठूला मैदानी, इनडोर र मार्शल आर्ट्सका खेलहरू सञ्चालन हुनेछन्।

सुर्खेतमा एथ्लेटिक्स, पुरुष फुटबल, क्रिकेट, भलिबल, हक्की, रग्बी र साइक्लिङजस्ता मैदानी खेलहरू हुनेछन्। त्यसैगरी करातें,

बाँकी पृष्ठ २

ईभी दुर्घटनामा मृत्यु हुनेको संख्या १४ पुग्यो, ६ जना घाइते

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ कात्तिक

मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानी गढीमा भएको ईभी गाडी दुर्घटनामा मृत्यु हुनेको संख्या १४ पुगेको छ। दुर्घटनामा ६ जना घाइते भएका छन्। सशस्त्र प्रहरीका डीएसपी तथा सहप्रवक्ता शैलेन्द्र थापाका अनुसार दुर्घटनामा परेको ईभी गाडीमा चालकसहित २० जना सवार रहेको खुलेको छ। बिहीबार बिहान करिब ६:१० बजे काठमाडौंबाट सर्लाहीतर्फ जाँदै गरेको उक्त गाडी सडकबाट करिब ७०० मिटर तल खसेर दुर्घटनामा परेको थियो। दुर्घटनापछि सशस्त्र प्रहरीसहितका सुरक्षाकर्मीले उद्धार कार्य गरेका थिए। दुर्घटनामा मृत्यु भएका १४ जनामध्ये ११ जनाको शव हेटौंडा अस्पताल ल्याइएको थियो भने थप तीन जनाको शव दुर्घटनास्थलबाट भर्खरै फेला परेको हो। फेला परेका तीन जनाको पहिचान खुल्न बाँकी रहेको सशस्त्र प्रहरीका डीएसपी तथा सहप्रवक्ता थापाले जानकारी दिए।

मृत्यु हुनेमध्ये सर्लाहीको चक्रघट्टा गाउँपालिका-४, सुन्दरपुरटोलका २५/२६ वर्षीय सुवेक यादव, आठ वर्षीया शिक्षा यादव, चार वर्षीया दीपिका कुमारी यादव, २५ वर्षीय सुबोध यादव, ११ वर्षीया अनु राय यादव, १५ वर्षीय रोहन यादव, २७ वर्षीय राम दुलार राय यादव, ३० वर्षीय गुड्डु राय यादव, २७ वर्षीया गायत्री देवी यादव र २७ वर्षीया पुनम यादव रहेका छन्।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- ❖ स्वस्थ र सन्तुलित खाना खाऔं,
- ❖ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- ❖ मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- ❖ प्रशस्त मात्रामा पानी पिउने गरौं,
- ❖ तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार

विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

शुक्रवार, २७ कार्तिक, २०८३
Friday, 13 Nov 2026

सम्पादकीय

कर्णालीको अर्थतन्त्र सुधार्न उत्पादनमा जोड देऊ

कर्णाली प्रदेश सम्भावनाले भरिपूर्ण भए पनि त्यसको उपयोग गर्न नसक्दा अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन । कृषि, उद्योग र पर्यटनजस्ता अर्थतन्त्रका प्रमुख आधार नै कमजोर देखिनु चिन्ताको विषय हो । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८२/८३ को आर्थिक गतिविधि अध्ययनले कर्णालीको आर्थिक अवस्थाको यही वास्तविकता उजागर गरेको छ । प्रदेशको आर्थिक वृद्धिदर २.९४ प्रतिशतमा सीमित रहने अनुमान छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णालीको योगदान ४.२० प्रतिशत मात्रै छ । अर्थतन्त्रमा ३१.५२ प्रतिशत योगदान रहेको कृषि क्षेत्रको उत्पादन नै ०.६५ प्रतिशतले घटेको छ । तरकारी र फलफूल उत्पादनमा आएको गिरावटले कृषि क्षेत्रको चुनौती थप स्पष्ट पारेको छ । खेती गरिएको जमिनमध्ये ४१.९० प्रतिशतमा मात्रै सिँचाइ सुविधा पुग्नुले पनि कृषि विकासमा सरकारको प्राथमिकता र लगानी पर्याप्त नभएको देखाउँछ ।

कृषिपछि उद्योगको अवस्था पनि कमजोर छ । कर्णालीका उद्योगले आफ्नो उत्पादन क्षमताको औसत ३०.९८ प्रतिशत मात्रै उपयोग गरेका छन् । अघिल्लो वर्ष यस्तो क्षमता उपयोग ३९.१२ प्रतिशत थियो । अझ दुग्ध प्रशोधन उद्योगको क्षमता उपयोग १०.१९ प्रतिशत मात्रै हुनु विडम्बनापूर्ण अवस्था हो । एकातिर स्थानीय उत्पादनले बजार पाएको छैन, अर्कोतिर उद्योगले पूर्ण क्षमतामा उत्पादन गर्न सकेका छैनन् । यसले कृषि र उद्योगबीचको सम्बन्ध स्थापित गर्न नसकेको देखाउँछ । पर्यटन क्षेत्रमा पनि उत्साहजनक अवस्था छैन । नमुना होटलमा पर्यटक आगमन २७.६८ प्रतिशतले घटेको छ । रारा, शे-फोक्सुण्डो, काँक्रेविहारलगायतका आकर्षक गन्तव्य हुँदाहुँदै पर्यटक घट्नुले पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासमा थप काम गर्नुपर्ने देखिन्छ ।

यी तथ्यांक केवल आर्थिक अवस्थाको विवरण होइनन्, प्रदेश सरकारका लागि सुधारको संकेत पनि हुन् । कृषि उत्पादन बढाउन सिँचाइ, भण्डारण, प्रशोधन र बजारीकरणमा लगानी गर्नुपर्छ । स्थानीय उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्दै निजी क्षेत्रको लगानी आकर्षित गर्नुपर्छ । पर्यटनमा प्रचारसँगै यातायात र सेवा सुविधाको गुणस्तर सुधार गर्न आवश्यक छ । बजेट खर्चलाई मात्रै विकासको उपलब्धि मान्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । स्थानीय तहको पुँजीगत खर्च १४.९४ प्रतिशतले घट्नुले पनि योजना कार्यान्वयनमा कमजोरी देखाउँछ । विकासका कार्यक्रमले उत्पादन, रोजगारी र नागरिकको आम्दानी बढाउन सके मात्रै त्यसको सार्थकता हुन्छ । कर्णालीको समस्या सम्भावनाको अभाव होइन, उपलब्ध स्रोतको उपयोग गर्न नसक्नु हो । अब सरकारले भाषण र योजनामा मात्र नभएर परिणाममा ध्यान दिनुपर्छ ।

२३ खेल...

तेक्वान्दो, फुल कन्ट्याक्ट कराते, उसु र बक्सिङजस्ता फाइटिङ खेलका साथै ब्याडमिन्टन, टेबल टेनिस, जिम्न्यास्टिक, ह्यान्डबल, स्क्वास र बास्केटबल सुर्खेतमै खेलाइनेछ । यसबाहेक कबड्डी, आर्चरी, भारत्तोलन, ईस्पोर्ट्स र सेपाकताक्रो गरी कुल २३ खेल सुर्खेतमै सम्पन्न हुने तय भएको छ ।

कर्णाली प्रदेशका अन्य जिल्लाहरूमा भने पूर्वाधार र भौगोलिक अनुकूलताका आधारमा केही खेलहरू विभाजन गरिएको छ । जसअन्तर्गत दैलेखमा आईटीएफ तेक्वान्दो, कालिकोटमा बुद्धिचाल, सल्यानमा जुडो र कुस्ती तथा पश्चिम रुकुममा शारीरिक सुगठनका खेलहरू आयोजना गरिनेछन् ।

कर्णाली प्रदेशमा आवश्यक पूर्वाधार अभावका कारण प्रतियोगिताका केही खेलहरू छिमेकी लुम्बिनी प्रदेशमा समेत सञ्चालन गरिनेछ । यसअनुसार पौडी र सुटिङका खेलहरू नेपालगञ्ज (बाँके) मा आयोजना हुनेछन् भने टेनिस र खो-खोका खेलहरू बर्दियामा खेलाइने तय भएको छ ।

यसरी कुल ३२ खेलमध्ये २३ खेल सुर्खेतमा, ५ खेल कर्णालीका अन्य चार जिल्लामा र ४ खेल लुम्बिनी प्रदेशका दुई जिल्लामा विभाजन गरेर दशौँ राष्ट्रिय खेलकुद आयोजना गर्न लागिएको हो ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सहकार्य र समृद्धिका लागि राजनीति



✍ गणेश अम्गाई

नेपालको लामो राजनीतिक इतिहास र वर्तमानको जटिल अवस्थालाई नियाल्दा आज हरेक सचेत नागरिकको मनमा एउटा गम्भीर प्रश्न उठिरहेको छ - के वर्तमान दलीय राजनीतिक अभ्यासले देशलाई स्थायित्व, सुशासन, राष्ट्रिय एकता र समृद्धिको दिशामा अपेक्षाकृत अघि बढाउन सकेको छ? वि.सं. २०६५ मा २४० वर्ष लामो शाहवंशीय राजतन्त्रको अन्त्य गरी गणतान्त्रिक व्यवस्था स्थापना गरिएपछि जनताले ठूलो परिवर्तन, राजनीतिक स्थिरता र आर्थिक समृद्धिको अपेक्षा गरेका थिए । तर, लामो समय बितिसक्दा पनि राजनीतिक अस्थिरता, भ्रष्टाचार, बेरोजगारी, युवा पलायन र दलीय स्वार्थको राजनीति अन्त्य हुन सकेको छैन । यही परिस्थितिले नेपालको शासकीय स्वरूप र भविष्यको राजनीतिक दिशाबारे पुनर्विचार गर्नुपर्ने आवश्यकता देखाएको छ ।

तर, यहाँ उठाउन खोजिएको विषय राजनीतिक दलहरूलाई सत्ताबाट विस्थापित गरेर राजसंस्थालाई राज्य सञ्चालनको एकल अधिकार सुम्पिने होइन । यसको मूल उद्देश्य त संवैधानिक राजसंस्था र प्रजातान्त्रिक व्यवस्थालाई एकअर्काको प्रतिस्पर्धी नभई परिपूरक संस्थाका रूपमा स्थापित गर्दै सँगसँगै अघि बढाउनु हो । राजनीतिक दलहरूले जनताको मतबाट राज्य सञ्चालन गर्ने जिम्मेवारी निर्वाह गरून् भने राजसंस्थाले संविधानको परिधिभित्र रहेर राष्ट्रिय एकता, सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र दीर्घकालीन राष्ट्रिय हितको अभिभावकीय भूमिका निर्वाह गरोस् भन्ने अवधारणा नै यसको मूल मर्म हो ।

नेपालको इतिहासलाई फर्केर हेर्ने हो भने यस मुलुकको भौगोलिक एकीकरण, सार्वभौमिकता र राष्ट्रिय पहिचान निर्माणमा शाहवंशीय राजसंस्थाको महत्वपूर्ण भूमिका रहेको तथ्यलाई अस्वीकार गर्न सकिँदैन । राष्ट्र निर्माणको ऐतिहासिक प्रक्रियामा राजसंस्थाले निर्वाह गरेको योगदानलाई वर्तमान राजनीतिक व्यवस्थाको बहसबाट अलग राख्नु न्यायोचित हुँदैन । जुन संस्थाले राज्य निर्माणको ऐतिहासिक यात्रामा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो, त्यसलाई राज्यको भविष्य निर्धारण गर्ने प्रक्रियाबाट पूर्ण रूपमा अलग राख्नु नै राष्ट्रिय हितको दृष्टिले उपयुक्त हो कि होइन भन्ने प्रश्नमा गम्भीर बहस हुन आवश्यक छ ।

यसको अर्थ विगतमा राजसंस्थाबाट भएका सबै काम सही थिए भन्ने होइन । इतिहासमा राजसंस्थाबाट पनि कमजोरी र गल्ती भएका छन् । त्यसैगरी राजनीतिक दलहरूबाट पनि अनेकौँ कमजोरी, असफलता र गलत निर्णय भएका छन् । त्यसैले अबको आवश्यकता विगतका गल्तीहरूको पक्षपोषण गर्नु वा एकअर्कालाई दोषारोपण गरिरहनु होइन । बरु विगतका कमजोरीबाट पाठ सिक्दै राजसंस्था र राजनीतिक दल दुवैले आफूलाई सुधार गरेर राष्ट्र निर्माणको साझा अभियानमा सहकार्य गर्नु हो । नेपालको वर्तमान राजनीतिक अवस्थालाई हेर्दा राजनीतिक दलहरूबीचको सत्ता संघर्ष, आपसी अविश्वास र निरन्तरको खिचातानी कुनै नयाँ विषय होइन । सरकार परिवर्तनसँगै नीतिहरू परिवर्तन हुने, राष्ट्रिय महत्वका विषय समेत दलीय स्वार्थको घेरामा पर्ने र दीर्घकालीन योजनाहरूले निरन्तरता पाउन नसक्ने अवस्था लामो समयदेखि देखिदै आएको छ । निर्वाचनपछि पनि राजनीतिक स्थिरता कायम हुन नसक्नु, राष्ट्रिय महत्वका विषयमा साझा धारणा निर्माण गर्न नसक्नु र सत्ता प्राप्तिलाई नै राजनीतिको प्रमुख उद्देश्य बनाइनुले राज्य सञ्चालनमा गम्भीर चुनौती उत्पन्न गरेको छ । यस्तो अवस्थामा देशलाई दलीय प्रतिस्पर्धाभन्दा माथि उठेर सोच्न सक्ने एउटा राष्ट्रिय अभिभावकीय संस्थाको आवश्यकता महसुस हुनु स्वाभाविक हो । संवैधानिक राजसंस्थाले राजनीतिक दलहरूको अधिकार खोस्ने होइन, बरु सबै दल, समुदाय, भाषा, संस्कृति र क्षेत्रलाई समान रूपमा समेट्ने राष्ट्रिय एकताको साझा प्रतीकका रूपमा भूमिका निर्वाह गर्न सक्नुपर्छ । राजनीतिक दलहरू बीच विवाद वा राष्ट्रिय संकट उत्पन्न हुँदा संविधानको सीमा भित्र रहेर सहमति, संवाद र समन्वयको वातावरण निर्माण गर्न सक्ने संस्था हुनु राष्ट्रका लागि उपयोगी हुन सक्छ ।

विशेषगरी नेपालको संवेदनशील भू-राजनीतिक अवस्थिति र दुई विशाल छिमेकी राष्ट्र भारत र चीनसँगको सम्बन्धलाई ध्यानमा राख्दा नेपालको परराष्ट्र नीति र कूटनीतिक सम्बन्धमा स्थिरता, सन्तुलन र निरन्तरता अत्यन्त आवश्यक छ । अन्तर राष्ट्रिय सम्बन्ध र कूटनीतिका विषयलाई क्षणिक दलीय स्वार्थ तथा चुनावी लाभबाट अलग राख्न सक्नुपर्छ । यस सन्दर्भमा संवैधानिक राजसंस्थाले राजनीतिक दल तथा निर्वाचित सरकारसँग समन्वय गर्दै राष्ट्रिय हितमा आधारित कूटनीतिक सन्तुलन, अन्तर्राष्ट्रिय सम्बन्ध र नेपालको सार्वभौमिकताको संरक्षणमा अभिभावकीय भूमिका निर्वाह गर्न सक्छ । यद्यपि, परराष्ट्र नीतिको संवैधानिक जिम्मेवारी निर्वाचित सरकार र सम्बन्धित राज्य संयन्त्रकै अधीनमा रहनुपर्छ ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने राष्ट्रिय एकता केवल भाषणबाट स्थापित हुँदैन । त्यसका लागि सबै राजनीतिक शक्ति, ऐतिहासिक संस्था, विभिन्न समुदाय र आम नागरिकलाई जोड्न सक्ने साझा राष्ट्रिय आधार आवश्यक हुन्छ । राजनीतिक दलहरू स्वभावतः आ-आफ्ना विचार, सिद्धान्त र राजनीतिक एजेन्डाका आधारमा प्रतिस्पर्धा गर्छन् । यो लोकतन्त्रको स्वाभाविक विशेषता पनि हो । तर, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन विकासका विषयमा भने सबै दल र संस्थाहरू एउटै राष्ट्रिय धारमा उभिन सक्नुपर्छ । यस्तो साझा राष्ट्रिय भावना निर्माण गर्न संवैधानिक राजसंस्थाले तटस्थ अभिभावकीय भूमिका निर्वाह गर्न सक्ने सम्भावनाबारे बहस हुनु आवश्यक छ ।

गणतन्त्र स्थापनापछि पनि देशमा आर्थिक विकास र सुशासनका अपेक्षा पूरा हुन नसकेको वास्तविकतालाई गम्भीरतापूर्वक लिनुपर्छ । भ्रष्टाचार, नीतिगत अस्थिरता, प्रशासनिक कमजोरी, बेरोजगारी र युवा पलायन जस्ता समस्या आज पनि चुनौतीका रूपमा छन् । संघीयताको कार्यान्वयन, राज्यको खर्च व्यवस्थापन, सार्वजनिक स्रोतको सदुपयोग र विकासका प्राथमिकताबारे पनि पुनरवलोकन आवश्यक छ । तर, यी सबै समस्याको समाधान केवल राजसंस्था पुनर्स्थापनाले स्वतः हुन्छ भन्ने निष्कर्ष निकाल्नु पनि उचित हुँदैन । राजसंस्थासहितको व्यवस्था स्थापना गर्ने हो भने त्यसको भूमिका, अधिकार, जिम्मेवारी र संवैधानिक सीमासमेत स्पष्ट हुनुपर्छ । त्यस्तै, राजनीतिक दलहरू पनि पारदर्शी, जवाफदेही, लोकतान्त्रिक र जनउत्तरदायी बन्नुपर्छ ।

राजसंस्था र राजनीतिक दलबीचको सम्बन्ध प्रतिस्पर्धा र टकरावको नभई सहकार्य र समन्वयको हुनुपर्छ । राजनीतिक दलहरूले जनताको सार्वभौम मताधिकारका आधारमा सरकार सञ्चालन गर्नेछन् । संसद्, सरकार, न्यायपालिका र संवैधानिक निकायहरू आ-आफ्नो संवैधानिक जिम्मेवारीअनुसार स्वतन्त्र र निष्पक्ष रूपमा सञ्चालन हुनेछन् । राजसंस्थाले भने संविधानको सीमाभित्र रहेर राष्ट्रको अभिभावक, राष्ट्रिय एकताको प्रतीक र दीर्घकालीन राष्ट्रिय हितको संरक्षकको भूमिका निर्वाह गर्नेछ । यसरी अधिकारको स्पष्ट विभाजन र संस्थागत सन्तुलन कायम गर्न सकिएमा राजसंस्था र लोकतन्त्रबीच सहअस्तित्व सम्भव हुन सक्छ । यसका साथै राजसंस्थाको पुनर्स्थापनाबारे बहस गर्दा विगतका कमजोरीहरू दोहोरिन नदिन विशेष ध्यान दिनुपर्छ । राजसंस्थाको नाममा निरंकुशता स्वीकार्य हुन सक्दैन भने लोकतन्त्रको नाममा दलीय स्वेच्छाचारिता पनि स्वीकार्य हुनु हुँदैन । न त राजसंस्थाले निर्वाचित जनप्रतिनिधिको अधिकारमाथि हस्तक्षेप गर्न पाउनुपर्छ, न त राजनीतिक दलहरूले राष्ट्रिय एकताको साझा संस्थालाई केवल आफ्नो राजनीतिक स्वार्थ अनुसार प्रयोग गर्न पाउनुपर्छ । दुवै पक्ष संविधान, लोकतान्त्रिक मूल्य, जनताको सार्वभौमिकता र राष्ट्रिय हितप्रति प्रतिबद्ध हुनुपर्छ ।

नेपालको मौलिक इतिहास, संस्कृति, परम्परा र राष्ट्रिय पहिचानको संरक्षण पनि उत्तिकै महत्वपूर्ण विषय हो । हाम्रो बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक समाजको विविधतालाई सम्मान गर्दै राष्ट्रिय एकता बलियो बनाउनु आजको आवश्यकता हो । राजसंस्थाले कुनै एक धर्म, जाति, समुदाय वा विचारधाराको मात्र प्रतिनिधित्व गर्ने होइन, सम्पूर्ण नेपालीको साझा राष्ट्रिय संस्थाका रूपमा आफूलाई स्थापित गर्न सक्नुपर्छ । त्यसका लागि सबै धर्म, संस्कृति, भाषा र समुदायप्रति समान सम्मान तथा संविधानप्रतिको पूर्ण प्रतिबद्धता अपरिहार्य हुनेछ ।

अर्कोतर्फ, राजनीतिक दलहरूले पनि आफ्नो विगतको कार्यशैलीको समीक्षा गर्नुपर्छ । दलभित्रको परिवारवाद, नातावाद, कृपावाद, गुटबन्दी र सत्ताकेन्द्रित राजनीतिक संस्कारलाई अन्त्य गर्दै योग्य, सक्षम र इमानदार व्यक्तिहरूलाई नेतृत्वमा स्थापित गर्नुपर्छ । लोकतन्त्र केवल निर्वाचनमा सीमित हुनु हुँदैन; दलहरूको आन्तरिक संरचना, राज्यका निकायहरूको सञ्चालन र सार्वजनिक जवाफदेहितामा पनि लोकतान्त्रिक मूल्य स्थापित हुनुपर्छ । राजसंस्था पुनर्स्थापनाको बहससँगै राजनीतिक दलहरूको सुधार र संस्थागत लोकतन्त्रको सुदृढीकरण पनि उत्तिकै महत्वपूर्ण छ ।

यसै सन्दर्भमा आज देशले खोजेको समाधान कुनै एक पक्षको विजय र अर्को पक्षको पराजय होइन । देशले खोजेको समाधान राजसंस्था र राजनीतिक दलबीचको सहकार्य, आपसी विश्वास र राष्ट्रिय हितमा आधारित साझा राजनीतिक मार्गचित्र हो । विगतमा दुवै पक्षबाट भएका गल्ती र कमजोरीलाई स्वीकार गर्दै नयाँ समझदारी निर्माण गर्न सकिएमा नेपालको राजनीतिक इतिहासमा एउटा सकारात्मक नयाँ अध्याय सुरु हुन सक्छ ।

त्यसैले अब राजसंस्थाबारेको विषयलाई केवल राजनीतिक दलहरूको आरोप-प्रत्यारोप र सडकको नारामा सीमित राख्नु हुँदैन । यो विषयको अन्तिम निर्णय गर्ने अधिकार नेपाली जनताकै हुनुपर्छ । संवैधानिक राजसंस्थासहितको प्रजातान्त्रिक व्यवस्था नेपालका लागि उपयुक्त हुन्छ कि हुँदैन भन्ने विषयमा व्यापक राष्ट्रिय बहस, निष्पक्ष सार्वजनिक छलफल र लोकतान्त्रिक प्रक्रिया मार्फत जनताको स्पष्ट अभिमत लिनु उचित हुनेछ ।

यसका लागि एकपटक राष्ट्रिय जनमतसंग्रह गर्नु आजको सान्दर्भिक र लोकतान्त्रिक प्रस्ताव हुन सक्छ । जनतासामु संवैधानिक राजसंस्थासहितको प्रजातन्त्रको स्पष्ट अवधारणा, राजसंस्थाको अधिकार र सीमाहरू, राजनीतिक दलहरूको भूमिका तथा राज्य सञ्चालनको प्रस्तावित संरचना प्रस्तुत गरेर जनतालाई आफ्नो भविष्य आफै निर्धारण गर्ने अवसर दिनुपर्छ । जनताको अभिमत जुनसुकै पक्षमा आए पनि त्यसलाई सम्मान गर्दै अघि बढ्नु नै वास्तविक लोकतान्त्रिक संस्कार हुनेछ ।

निष्कर्षमा भन्नुपर्दा, नेपालको भविष्य राजसंस्था वा राजनीतिक दलमध्ये कुनै एकलाई रोजेर अर्को पक्षलाई पूर्ण रूपमा निषेध गर्ने बाटोमा होइन, बरु दुवै पक्षका सकारात्मक पक्षलाई समेटेर कमजोरीहरू सुधार गर्दै अघि बढ्ने मार्गमा खोजिनुपर्छ । राजसंस्थाले राष्ट्रिय अभिभावकको भूमिका निर्वाह गरोस्, राजनीतिक दलहरूले जनताको मतबाट राज्य सञ्चालन गरून् र सम्पूर्ण राज्य संयन्त्र संविधान तथा जनताको सार्वभौमिकताप्रति उत्तरदायी बनोस् । यही सन्तुलनले राष्ट्रिय एकता, राजनीतिक स्थिरता, कूटनीतिक सन्तुलन र दीर्घकालीन राष्ट्रिय हितलाई बलियो बनाउन मद्दत गर्न सक्छ ।

राजसंस्था राजनीतिक दलहरूको विकल्प होइन, लोकतान्त्रिक व्यवस्थाभित्र राष्ट्रिय एकताको अभिभावकीय संस्था बनोस् । राजनीतिक दलहरू राजसंस्थाका प्रतिस्पर्धी होइनन्, राष्ट्र निर्माणका सहयात्री बनून् । विगतका गल्ती बिर्सेर होइन, ती गल्तीबाट पाठ सिकेर नयाँ राष्ट्रिय समझदारी निर्माण गरौँ । अब समय आएको छ - राजसंस्था र राजनीतिक दलबीचको टकराव होइन, सहकार्यको बाटो रोज्ने; निषेधको राजनीति होइन, राष्ट्रिय एकताको आधार निर्माण गर्ने; र यो ऐतिहासिक निर्णयको अधिकार नेपाली जनतालाई सुम्पिने । राजसंस्था सहितको प्रजातन्त्र, लोकतान्त्रिक मूल्य सहितको राष्ट्रिय एकता र जनताको निर्णय सहितको समृद्ध नेपाल - यही हो आजको बहसको मूल उद्देश्य ।

आन्तरिक पर्यटकको रोजाइका रुपमा विकास गरिँदै आकासे ताल



❐ काँक्रेविहार संवाददाता

जुम्ला, २६ कात्तिक

जुम्लाको गुठिचौर गाउँपालिका-१ मा रहेको आकासे ताल पछिल्लो समय आन्तरिक पर्यटनको दृश्यावलोकनका लागि रोजाइ परेको छ। तालको प्राकृतिक सौन्दर्यले विशेषगरी आन्तरिक पर्यटक आकर्षित बनेको वडाध्यक्ष अर्जुनकुमार महतारालेे बताए।

समुद्री सतहदेखि चार हजार ८६० मिटर उचाइमा रहेको उक्त ताल चार हजार २८० मिटरमा फैलिएको छ। उक्त तालसम्म पुग्न करिब तीन किलोमिटर लामो पदयात्र गर्नुपर्ने भएकाले त्यस क्षेत्रमा सहजताका लागि व्यवस्थित पदमार्ग निर्माण गर्न बजेटको आवश्यकता परेको वडा कार्यालयले जनाएको छ। पछिल्लो समय तालको अवलोकन, घुमघाम, श्रव्यदृश्य अवलोकन तथा वृत्तचित्र निर्माण गर्नेलगायत प्रयोजनका लागि दैनिक चारदखि पाँच समूहमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेको स्थानीयवासी दीपक बोहोरा बताउँछन्।

ताल नजिकबाट देखिने सुन्दर हिमतालले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गरिरहेको वडाध्यक्ष महताराको भनाइ छ। विशेगरी दसैँ-तिहारको विदामा घर आएका आन्तरिक पर्यटक हिमाली मनोरञ्जन र दृश्यावलोकनका लागि त्यहाँ पुग्ने गरेको पाइएको छ। त्यस क्षेत्रमा यातुको सहजताका लागि पर्यटकीय पूर्वाधार विकास गर्नसके पर्यटन प्रवर्द्धन र स्थानीयको आयस्तर बढ्न सक्ने अपेक्षा गरिएको वडाध्यक्ष महतारालेे बताए।

उक्त ताल हिमालको काखमा रहेकाले त्यसमा रमाउन चाहने आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको त्यहाँ पुगेका तिला गाउँपालिका-१ दलबहादुर परियारले बताए।

पछिल्लो ताल नजिकसम्म पुग्नका लागि गुठिचौर-१ मौरेसम्म सडक निर्माण गरिएको छ। सडक पुगेको स्थानबाट तालसम्म पुग्न करिब तीन किलोमिटर लामो पदयात्र गर्नुपर्ने भएकाले त्यस क्षेत्रमा सहजताका लागि व्यवस्थित पदमार्ग निर्माण गर्न बजेटको आवश्यकता परेको वडा कार्यालयले जनाएको छ। पछिल्लो समय तालको अवलोकन, घुमघाम, श्रव्यदृश्य अवलोकन तथा वृत्तचित्र निर्माण गर्नेलगायत प्रयोजनका लागि दैनिक चारदखि पाँच समूहमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेको स्थानीयवासी दीपक बोहोरा बताउँछन्।

बढ्दै लागूऔषधको जालो

❐ काँक्रेविहार संवाददाता

अछाम, २६ कात्तिक

पहाडी जिल्ला अछाममा लागूऔषधसम्बन्धी अपराधका घटना देखिन थालेका छन्। जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले पछिल्ला तीन आर्थिक वर्षमा लागूऔषधसम्बन्धी मुद्दा र पक्राउ पर्ने व्यक्तिको संख्या बढेको देखाएको छ। अन्य उमेर समूहको तुलनामा जिल्लामा युवाहरू लागूऔषधको कारोबार तथा सेवनमा बढी संलग्न हुने गरेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय अछामका अनुसार आर्थिक वर्ष २०८१/८२ मा लागूऔषधसम्बन्धी नौवटा मुद्दा दर्ता भएका थिए। ती घटनामा १२ जना पक्राउ परेका थिए। प्रहरीले उक्त अवधिमा ६७० मिलिग्राम खैरो हेरोइन, २७५ ग्राम ५४० मिलिग्राम चरेस र २४ ग्राम ८०० मिलिग्राम गाँजा बरामद गरेको थियो।

त्यस्तै, आर्थिक वर्ष २०८२/८३ मा लागूऔषधसम्बन्धी मुद्दाको संख्या बढेर १० पुगेको छ। उक्त वर्ष १३ जना पक्राउ परेका थिए। प्रहरीले २०९ मिलिग्राम खैरो हेरोइन, ९९ ग्राम ८२ मिलिग्राम चरेस, ६६ क्याप्सुल निमाडोल र २० क्याप्सुल ट्रामाडोल बरामद गरेको थियो। चालु आर्थिक वर्ष २०८३/८४ मा पनि लागूऔषधसम्बन्धी तीनवटा मुद्दा दर्ता भइसकेका छन्। ती घटनामा तीन जना पक्राउ परेका छन्। प्रहरीले यस अवधिमा खैरो हेरोइन र चरेससमेत बरामद गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय अछामका डीएसपी पविन्द्र बमका अनुसार पछिल्लो समय जिल्लामा लागूऔषधसम्बन्धी गतिविधि केही बढेको देखिएको छ। तराईका जिल्लामा जस्तो ठूलो परिमाणमा लागूऔषध भित्रिने अवस्था अछाममा नरहेको उनको भनाइ छ।

१० करोड खर्चेको कान्तिताल अलपत्र, लागुऔषध दुर्व्यसनीको अखडा बन्दै

❐ काँक्रेविहार संवाददाता

बाँके, २६ कात्तिक

नेपालगञ्ज उपमहानगरपालिका-२१ र २२ मा अवस्थित कान्तिताल संरक्षण र उचित रेखदेखको अभावमा अलपत्र परेको छ।

नेपालगञ्ज सहरकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सोचका साथ उपमहानगरपालिकाले विसं २०७५ मा महत्त्वाकाङ्क्षी योजना अघि बढाएको थियो। तर, संरक्षण र व्यवस्थापन नहुँदा तालको अवस्था जीर्ण बन्दै गएको हो।

स्थानीय पूर्वाधार विकास र सौन्दर्य अभिवृद्धिका लागि नेपालगञ्ज उपमहानगरपालिकाले यहाँ करिब १० करोड रुपैयाँ खर्च गरिसकेको छ। सौन्दर्यका लागि हालिएका आकर्षक रेलिङहरू भत्किएका छन् भने सिङ्गो ताल क्षेत्र झाडी र बुट्यानले भरिएर आफ्नो अस्तित्व नै गुमाउने अवस्थामा पुगेको नेपालगञ्ज-२२ पुरैनीका अगुवा चेतबहादुर थापाले बताए।



थापाका अनुसार कान्तिताल केवल भौतिक पूर्वाधार मात्र नभई जैविक विविधताको दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण छ। यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गीहरूको प्राकृतिक बासस्थान रहेको छ। पर्यावरण र चरा संरक्षणको क्षेत्रमा कार्यरत अभियन्ताहरूले तालमा पुरानै लयमा फर्काउन र यसको प्राकृतिक स्वरूप जोगाउन निरन्तर आवाज उठाइरहेका छन्। सरोकारवाला निकायलाई पटक-पटक घच्घच्याउँदा पनि हालसम्म कुनै ठोस सुनुवाइ हुन सकेको छैन।

झाडीले ढाकिएको यो ताल क्षेत्र रात परेपछि झनै जोखिमपूर्ण बन्ने गरेको छ। अहिले कान्तिताल लागुऔषध दुर्व्यसनीहरूको सुरक्षित जमघटस्थल बनेको छ। साँझपख यहाँ हुने शङ्कास्पद गतिविधिले आसपासका बासिन्दालाई त्रसित बनाएको थापाले बताए।

ताल सञ्चालनका लागि वार्षिक २८ लाख रुपैयाँ उपमहानगरलाई राजस्व बुझाउने सम्झौतासहित ठेक्का लिएका फनबहादुर गुरुङले ताल परिसरमा बनाइएका रेलिङ र पूर्वाधारहरू लागुऔषध प्रयोगकर्ताहरूले तोडफोड गरेको हुन सक्ने बताए।

पूर्वसूचना प्रणालीले विपद्जन्य मृत्युदर ६.१ गुणा घटायो

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ कात्तिक

विश्वका ७० प्रतिशत देशमा बहुप्रकोपीय पूर्वसूचना प्रणाली विस्तार भए पनि विपद्को उच्च जोखिममा रहेका मुलुक र समुदाय अझै प्रभावकारी चेतावनीको पहुँचबाट टाढा रहेको पाइएको छ। पूर्वसूचना प्रणालीको विस्तारले विपद्बाट हुने मानवीय क्षति घटाउन सहयोग पुऱ्याए पनि जोखिममा रहेका समुदायसम्म यसको पहुँच सुनिश्चित गर्न चुनौती कायमै रहेको संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले देखाएको छ।

संयुक्त राष्ट्रसङ्घीय विपद् जोखिम न्यूनीकरण कार्यालय (युएनडीआरआर) र विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) ले सार्वजनिक गरेको 'ग्लोबल स्टाटस अफ मल्टी हाजार्ड अर्ली वार्निङ सिस्टम्स २०२६' प्रतिवेदनले यस्तो देखाएको हो।

गत सोमबारदेखि टर्कीको एन्टाल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय पक्ष राष्ट्रहरूको ३१ औँ सम्मेलन ९कोप-३१० का अवसरमा सार्वजनिक प्रतिवेदनले पूर्वसूचनालाई समुदायसम्म पुऱ्याउन र समयमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ। प्रतिवेदनअनुसार बहुप्रकोपीय पूर्वसूचना प्रणालीको क्षमता रहेको प्रतिवेदन गर्ने देशको संख्या १३६ पुगेको छ। सन् २०२५ मार्चको तुलनामा उक्त संख्या १७ ले बढी हो।

सन् २०१५ मा पूर्वसूचना प्रणालीको अवस्था मापन गर्न थालिएयता विश्वव्यापी पहुँचमा १४३ प्रतिशत वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। पूर्वसूचना प्रणालीको विस्तारसँगै विपद्बाट हुने मानवीय क्षति घटाउन पनि उल्लेखनीय योगदान पुगेको प्रतिवेदनले देखाएको छ।

सीमितदेखि मध्यमस्तरको पूर्वसूचना प्रणाली भएका देशको तुलनामा पर्याप्तदेखि व्यापक प्रणाली भएका देशमा विपद्जन्य मृत्युदर ६।१ गुणा कम पाइएको छ।

यस्तै, विपद्बाट प्रभावित हुने मानिसको संख्या पनि ३।२ गुणा कम रहेको प्रतिवेदनले देखाएको छ। यद्यपि, जलवायु परिवर्तनका कारण बढ्दो जोखिमसँग जुध्ने क्षमता कमजोर भएका मुलुकमा पूर्वसूचना प्रणालीको पहुँच र प्रभावकारिता अझै चुनौतीपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ।

आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति

कुमाख गा.पा. ४ थदरा सल्यान

शिलबन्दी कोटेशन आह्वान गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/२७)

कुमाख गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता परियोजना अन्तर्गत विभिन्न किसिमका निर्माण सामग्रीहरु : सिमेन्ट, रड, पाइपहरु, सेनिटरी फिटिङ्गस लगायतका सामग्री खरिद गर्नुपर्ने भएकोले सल्यान जिल्लाको कुमाख गाउँपालिका वडा नं.४, थदरा स्वास्थ्यचौकी सम्म सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. कोटेशन फारम तल उल्लेखित स्थानबाट आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक कुमाख गाउँपालिकामा रहेको खाता नं. १२१०३७२१०३००१५ मा कोटेशन फारम दस्तुर वापत रू २,०००।– जम्मा गरेको भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ।
२. कोटेशन फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकरण गरेको) तथा फारम दस्तुर तिरेको रसिद पेश गर्नु पर्नेछ। शिलबन्दी कोटेशन खाम बाहिर कोटेशन दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।
३. कोटेशन फारममा उल्लेखित प्रत्येक सामग्रीको ढुवानी खर्च समेत समावेश हुनेगरी को दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। आफूले आपूर्ति गर्न सकिने उल्लेखित सामग्रीको गुणस्तर, कम्पनी/ब्राण्ड अनिवार्य रूपमा कोटेशनमा खुलाउनु पर्नेछ अन्यथा उक्त कोटेशन अन्य भन्दा कम दरभाउ भएता पनि रद्द गर्न सकिनेछ।
४. कोटेशन फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा उक्त कोटेशन दर्ता गर्न बाध्य हुने छैन।
५. कोटेशन फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन २:०० बजे आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका प्रतिनिधिहरू, साझेदार कार्यालयका प्रतिनिधिहरू र कोटेशन दाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा कुमाख गाउँपालिका, वडा नं. ४. आधारभूत स्वास्थ्य सेवा केन्दमा कोटेशन खोलिनेछ। कोटेशनदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी कोटेशन खोल्न बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन कोटेशन खोलिने छ।
६. कोटेशनमा आफूले कबोल गरेको रकमको (भ्याट सहितको जम्मा रकमको) २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरूप नेपाल सरकारबाट मान्यता प्राप्त कमर्सियल बैंकबाट जारी भएको कोटेशन पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond) वा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक कुमाख गाउँपालिकामा रहेको बैंकको खाता हि.नं. १२१०३७२१०३००१५ मा रकम दाखिला गरेको बैंक भौचर कोटेशन दर्ता गर्दा पेश गर्नुपर्ने छ। कोटेशन स्वीकृत भएपछि बिड बोण्ड बाहेक कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतको रकममा नघट्ने गरी कार्य सम्पादन जमानी (परफरमेन्स बण्ड) जम्मा गर्नुपर्नेछ।
७. म्याद नाघी वा रीत नपुगी आएका कोटेशन उपर कुनै कारबाही हुने छैन।
८. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरूमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
९. फाराम बुझाउने अन्तिम मिति २०८३/०७/१६ गते कार्यालय समय भित्रमा हुनेछ।
१०. कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार थदरा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा सुरक्षित रहनेछ।

शिलबन्दी कोटेशन प्राप्त गर्ने र पेश गर्ने ठेगाना/स्थान:

आधारभूत स्वास्थ्य सेवा केन्द्र

कुमाख गाउँपालिका वडा नं. ४, थदरा

फोन नं. ९८४७९९८७८३, ९८६६९४७६३१

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कर्णालीले सार्वजनिक गऱ्यो १४ खेलको छनोट, ३१ खेलको प्रशिक्षण तालिका

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २६ कात्तिक

कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सुरु हुन तीन साताभन्दा कम समय बाँकी रहदा प्रदेशमा खेलाडी छनोट र बन्द प्रशिक्षणको तयारीलाई तीव्र पारको छ।

परिषद्ले छनोट हुन बाँकी १४ खेलको प्रदेशस्तरीय छनोट मिति र ३१ खेलको बन्द प्रशिक्षण तालिका सार्वजनिक गरेको हो।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव रवीन्द्र चन्दका अनुसार बाँकी खेलका प्रदेशस्तरीय छनोट प्रतियोगिता कात्तिक २७ देखि मंसिर ४ गतेसम्म सञ्चालन हुनेछन्। यसअघि सम्बन्धित खेल संघ तथा महासंघबाट खेलाडी छनोट भइसकेका खेलको बन्द प्रशिक्षण पनि सुरु गरिने चन्दले जानकारी दिए।

परिषद्ले सार्वजनिक गरेको छनोट तालिकाअनुसार बास्केटबल महिला तथा पुरुष, शारीरिक सुगठन र पौडीको छनोट कात्तिक २७ गते हुनेछ। जुडोको कात्तिक २८ गते तथा सेपाकताक्रो र सुटिङको



कात्तिक २९ गते छनोट प्रतियोगिता संचालन हुनेछ। त्यस्तै जिम्न्यास्टिक र इस्पोर्ट्सको छनोट कात्तिक ३० गते तथा साइक्लिङको मंसिर १ गते हुनेछ।

स्क्वास, आर्चरी, भारोत्तोलन र कुस्तीको छनोट भने मंसिर ४ गतेका लागि तोकिएको छ। छनोट प्रतियोगिता सुर्खेतका विभिन्न खेलस्थलमा संचालन गरिनेछ। मुख्य रंगशाला, स्क्वास हल, राजदल सैनिक खेलमैदान, काँक्रेविहार, होटेल सिद्धार्थ र नगरपालिकाको खुला मैदान छनोट प्रतियोगिताका लागि तोकिएका छन्। सुटिङको छनोट भने नेपालगन्जमा हुनेछ।

परिषद्का सदस्यसचिव चन्दका अनुसार प्रतियोगिताको तयारीलाई व्यवस्थित बनाउन सम्बन्धित खेल संघ तथा महासंघलाई निर्धारित समयमै छनोट प्रक्रिया पूरा गर्न निर्देशन दिइएको जानकारी दिए।

३१ खेलका खेलाडी बन्द प्रशिक्षणमा

परिषद्ले सार्वजनिक गरेको बन्द प्रशिक्षण तालिकामा ३१ खेल समेटिएका छन्। एथलेटिक्स, फुटबल, क्रिकेट, हक्की, भलिबल, कबड्डी, कराते, ब्याडमिन्टन, फुलकन्ट्याक्ट कराँते, टेबलटेनिस, उसु, तेक्वान्दो, जिम्न्यास्टिक, बक्सिङ, ह्यान्डबल र स्क्वासका खेलाडी बन्द प्रशिक्षणमा रहनेछन्।

बास्केटबल, आर्चरी, भारोत्तोलन, रग्बी, साइक्लिङ, इस्पोर्ट्स, सेपाकताक्रो, जुडो, शारीरिक सुगठन, बुद्धिचाल, पौडी, सुटिङ, कुस्ती, खोखो र आईटीएफ तेक्वान्दोका खेलाडीलाई पनि बन्द प्रशिक्षणमा राखिनेछ।

बन्द प्रशिक्षणका लागि मुख्य रंगशाला, चिसापानी खेलमैदान, सुर्खेतका क्रिकेट मैदान, जिल्ला खेलकुद विकास समितिका खेलमैदान, रंगशाला स्थित कभर्डहल, ब्याडमिन्टन कभर्डहल र मिनी कभर्डहल तोकिएका छन्।

यसका अतिरिक्त रग्बी मैदान, काँक्रेविहार, होटल सिद्धार्थ, रंगशाला परिसर, पौडी पोखरी, नेपालगन्ज, सल्यानको श्रीनगरस्थित कभर्डहल र दैलेखमा समेत खेलाडीलाई प्रशिक्षण दिइने परिषद्को तालिकामा उल्लेख छ।

कर्णाली प्रदेशमा पहिलो पटक आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता मंसिर १६ देखि २७ गतेसम्म आयोजना हुँदै छ। प्रतियोगिताको सहआयोजक समेत रहेको कर्णालीले खेलाडी छनोटदेखि बन्द प्रशिक्षणसम्मका गतिविधिलाई तीव्रता दिएको छ।

प्लेअफ पुग्ने पहिलो टोली बन्यो लुम्बिनी, कर्णालीले अन्तिम खेल कुर्नुपर्ने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २६ कात्तिक

कर्णाली याक्सलाई चार विकेटले पराजित गर्दै लुम्बिनी लायन्स नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो सिजनमा प्लेअफमा प्रवेश गरेको छ।

यो जितसँगै लुम्बिनी प्लेअफ पुग्ने पहिलो टोली बनेको छ। एक खेल अगावै प्लेअफमा स्थान बनाएको लुम्बिनी नौ अंकका साथ शीर्ष स्थानमा उक्लियो। टोलीले ६ खेल खेल्दा चार जित र एक हार व्यहोऱ्यो। लुम्बिनीको एक खेल भने वर्षाका कारण रद्द भएको थियो।

लुम्बिनीले बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा कर्णालीले प्रस्तुत गरेको १०६ रनको लक्ष्य १६.४ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो।

लुम्बिनीको जितका डार्सी सर्टले सर्वाधिक ४६ रन बनाए। डार्सीले ३४ बलमा ६ चौका र एक छक्का प्रहार गरे। उनले चौथो विकेटको निम्ति निरोशन डिक्वेलासँग ४१ रनको साझेदारी गरेका



थिए।

अविजित रहेका दिलिप नाथले २८ रन बनाए। निरोसनले १६ रन बनाए। उनीबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्।

कर्णालीका निम्ति मार्क वाटले चार विकेट लिए। उनले चार ओभर बलिङ गर्दा एक मेडन ओभर फ्याक्दै १२ रन खर्चिए। पवन सर्राफ र हुसेन तलतले एक विकेट लिए।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले १९.२ ओभरमा सबै विकेट गुमाएर १०५ रनको योगफल खडा गरेको थियो।

कर्णालीलाई सस्तैमा रोक्न लुम्बिनीका अभिषेक गौतम, किशोर महतो, डार्सी र कप्तान रोहितकुमार पौडेलले समान दुई विकेट लिए। रुबेन ट्रम्पेलमन र शेर मल्ले समान एक विकेट लिए।

कर्णालीका निम्ति सोमपाल कामीले २८ रन बनाए। हुसेनले २४, गुल्सन झाले १३ र पवनले १२ रन बनाए। यसबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्।

हारसँगै कर्णालीको प्लेअफ सम्भावना कठिन बनेको छ। टोलीले प्लेअफका निम्ति अन्तिम खेल कुर्नुपर्ने भएको छ।

कर्णालीले ६ खेज्ञल खेल्दा दुई जित र चार हार व्यहोर्दै चार अंकमा बनाएको छ। अब टोलीको प्लेअफ छनोट आइतबार (कात्तिक २९) हुने चितवन राइनोजविरुद्धको अन्तिम खेलबाट हुनेछ।

देउसी-भैलोमा अश्लील नृत्य गरेको आरोपमा तीन महिला पक्राउ

❐ काँक्रेविहार संवाददाता
रूपन्देही, २६ कात्तिक

देउसी-भैलो कार्यक्रममा अश्लील नृत्य प्रदर्शन गरेको आरोपमा रुपन्देही प्रहरीले थप तीन महिलालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार नेपाली मौलिक कला, संस्कृति, सामाजिक शिष्टाचार तथा नैतिकताविपरीत हुने गरी विभिन्न स्थानमा आयोजित देउसी-भैलो कार्यक्रममा अश्लील नृत्य प्रदर्शन गरेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

बुधबार वडा प्रहरी कार्यालय भैरहवाबाट खटिएको प्रहरी टोलीले सिद्धार्थनगर नगरपालिका-७ स्थित कान्छीबजारबाट तीन जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा सल्यानको कपुरकोट गाउँपालिका-४ की २२ वर्षीया पूजा ठकुरी, दाङको गढवा गाउँपालिका-७ की २३ वर्षीया सपना चौधरी र गुल्मीको सत्यवती गाउँपालिका-६ की २४ वर्षीया बिपना मगर रहेका छन्।

उनीहरूमाथि सार्वजनिक हित र नैतिकताविरुद्धको कसुरमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी कृष्णकुमार चन्दले जानकारी दिएका छन्।

एकै...

आगो निभाउने उपकरण जडान गरिनेछ। धुवाँ तथा ताप पहिचान गर्ने डिटेक्टर र फायर अलार्म प्रणाली पनि रहनेछन्। आपत्कालीन निकास मार्ग, प्रकाश तथा चिकित्सा सुविधाको व्यवस्था गरिएको छ।

ऊर्जा आपूर्तिका लागि दुई हजार केभीए क्षमताका दुईवटा सबस्टेसन र वैकल्पिक व्यवस्थाका रुपमा डिजेल जेनेरेटर राखिने छ।

खानेपानीका लागि डिप बोरिङ प्रयोग गर्ने योजना छ। भवन सञ्चालन हुँदा दैनिक करिब ३० हजार लिटर पानी आवश्यक पर्ने अनुमान गरिएको छ भने पानी भण्डारणका लागि ६० हजार लिटर क्षमताको ट्याङ्की निर्माण गरिनेछ।

भवनलाई आधुनिक प्रशासनिक केन्द्रका रुपमा विकास गर्ने योजनाअनुसार सुरक्षादेखि ऊर्जा र खानेपानी व्यवस्थापनसम्मका विशेष संरचना समावेश गरिएको छ। भवनका विभिन्न भागलाई भौतिक तथा भर्चुअल जोनमा विभाजन गरी एकीकृत फायर अलार्म नियन्त्रण प्रणाली जडान गरिनेछ। छत तथा भित्तामा धुवाँ, ताप र आगलागी पहिचान गर्ने डिटेक्टर राखिनेछन्।

आपत्कालीन अवस्थामा सुरक्षित रुपमा बाहिर निस्कन छुट्टै निकास मार्ग, करिडोरमा आपत्कालीन बत्ती र विशेष चिकित्सा टोलीसहितको स्वास्थ्य सुविधा उपलब्ध गराइनेछ। त्यस्तै, विद्युत् आपूर्ति अवरुद्ध भए वैकल्पिक व्यवस्थाका लागि डिजेल जेनेरेटर राखिनेछ। भवनमा अपांगतामैत्री पहुँचको व्यवस्था गर्नुका साथै ज्येष्ठ नागरिक र अशक्त व्यक्तिले सहज रुपमा सेवा लिन सक्ने संरचना बनाउने योजना छ। भित्री भागमा प्राकृतिक प्रकाशको पर्याप्त व्यवस्था गर्ने गरी भवनको डिजाइन गरिएको छ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)